राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ साउन २२ गते

## विकास पद्धतिलाई मानव अधिकारमूखी बनाउ

### रौतहटमा सडक खाल्डोमा डुबी चार बालिकाको मृत्यु भएको घटना सम्बन्धमा आयोगको अनुसन्धान शुरु ।

रौतहट जिल्लाको गरुडा न.पा. वडा नं. ४, गौर चन्द्रनिगाहपुर सडक खण्ड छेउको खाल्डोमा डुबी हिजो श्रावण २१ गते चार जना बालिकाको मृत्यु भएको घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले स्वविवेकमा उजुरी ग्रहण गरी छानवीन प्रारम्भ गरेको छ । उक्त दु:खद घटनाको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

घटनाको अनुसन्धानका लागि क्षेत्रीय कार्यालय जनकपुरबाट एक अनुसन्धान टोली घटनास्थलतर्फ आजै खटाइएको छ । विकासको अधिकार मानव अधिकारको अभिन्न अंग हो । आम नागरिकको विकासको अधिकारलाई सुनिश्चत र कार्यान्वयन गर्दा सरकारले मानव अधिकार विकास पद्धतिको अवलम्बन गरी आम नागरिक र विशेष गरी बालवालिका, महिला, बृद्ध, अपांगता भएका व्यक्तिको जीवनको अधिकारको संरक्षण गरिनु पर्ने कुरामा सरकार जिम्मेवार रहनुपर्ने आयोग स्मरण गराउन चाहन्छ । साथै सार्वजनिक निर्माणको क्रममा निर्माण कम्पनीहरूबाट हुने गरेको लापरवाही र सरकारी निकायको उदासिनताको कारण व्यक्तिले जीवनको अधिकार नै गुमाउनु पर्ने अवस्था सृजना हुनु अत्यन्त दु:खद स्थिति हो । भविष्यमा यस्ता लापरवाहीपूर्ण कार्य हुननदिन नेपाल सरकार जिम्मेवार रहनु पर्दछ भन्ने आयोगको निष्कर्ष छ ।

उल्लेखित घटनाबाट भएको मानवीय क्षतिप्रति पूर्ण संवेदनशील हुँदै दोषीलाई कारवाही गरी भविष्यमा यस किसिमको घटना दोहोरिन नदिन अपनाउनु पर्ने पूर्व सतर्कता अपनाउन तथा पीडित परिवारलाई उचित राहत एवं क्षतिपूर्ति प्रदान गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेर्द भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org